# मालिकार्जुन गाउँपालिका दार्चुला
# प्रदेश नं.७ को
# प्रथम गाउँसभामा
# प्रस्तुत कार्यक्रम, योजना तथा बजेट वक्तव्य
# २०७४

मिति:२०७४।०६।३१

**मालिकार्जुन गाउँपालिकाको प्रथम गाउँसभाका अध्यक्ष ज्यू,**
**सभाका सदस्य ज्यूहरू तथा उपस्थित अन्य महानुभावहरु,**

यस मालिकार्जुन गाउँपालिकाको ऐतिहासिक प्रथम गाउँसभालाई सफल र व्यवस्थित बनाउन हाम्रो निमन्त्रणालाई स्विकार गरी उपस्थित हुनुभएकोमा हार्दिक धन्यबाद सहित स्वागत गर्दछु। नेपालको राजनितिक, आर्थिक, समाजिक तथा विभिन्न आन्दोलनहरूमा अमूल्य जीवन आहुति गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दछु साथै ज्ञान भुमि शंकरपुरमा उपस्थित भई मालिकार्जुन गाउँपालिको प्रथम गाउँसभामा गाउँपालिकाको निति तथा कार्यकम प्रस्तुत गर्न पाउँदा हर्षित छु ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान कार्यन्वयन हुने क्रममा निर्वाचित जनप्रतिनिधीहरू मार्फत जनताले आफैलाई शासित गर्ने वातावरण निर्माण भएको सन्दर्भमा मालिकार्जुन गाउँपालिका दार्चुला संघियताको मर्म अनुसारका विकास प्रकृयालाई व्यवस्थित रूपमा संचालन गर्न नेपालको संविधान, संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयले जारी गरेका कार्य आदेशहरू, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४, नेपाल सरकारको विकास सम्बन्धी कार्य लक्ष्य र मान्यताहरू, बस्ती तथा वडा तहबाट सिफारिस भई आएका योजनाहरू, विभिन्न समितिहरू र गाउँ कार्यपालिकाको बैठकबाट पारित भएको नीति, कार्यक्रम एवं बजेट यस सम्मानित सभामा प्रस्तुत गर्न गईरहेको छु । साथै यस अवसरमा सम्पूर्ण मालिकार्जुन गाउँपालिकाबासी आदरणीय जनसमुदायहरूमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

**आदरणीय उपस्थित महानुभावहरू !**

मालिकार्जुन गाउँपालिका ऐतिहासिक, राजनैतिक, प्राकृतिक, साँस्कृतिक तथा धार्मिक दृष्ट्रिकोणले महत्वपूर्ण क्षेत्र भएकोले विशेष पर्यटकीय केन्द्रको रूपमा विकास हुने सम्भावना छ । पवित्र धार्मिक एवं प्राकृतिक सौन्दर्यले भरिपूर्ण नेपालकै सातौं धाम मालिकार्जुन, अन्य विभिन्न देवीदेवताका मन्दिरहरु, विभिन्न खोलानाला, वनजंगलहरु, ढुङ्गा/स्लेट, जडीबुटी, वन पैदावर, कृषि, पशुपालन, नगदेबाली लगायत थुप्रै सम्भावनाका क्षेत्रहरू छन् । यी क्षेत्रहरूको प्रभावकारी प्रयोग र दिगो विकास गरी आत्मनिर्भर अर्थतन्त्रको विकास मार्फत विकासका क्षेत्रमा अहिलेसम्म भएका सकारात्मक प्रयास, राजनैतिक दलहरूबाट भएको सहयोग, विकास साझेदारहरूको प्रयास, विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूको सहयोग, समन्वय र सहकार्य, निजी क्षेत्रको प्रवेश, पत्रकार तथा नागरिक समाज लगायत मालिकार्जुन बासीको विकास प्रति रहेको चासो मालिकार्जुनको समग्र विकासको लागि अवसरका रूपमा रहेका छन् ।

उल्लेखित सम्भावना तथा अवसरहरूका बावजुत हाम्रा सामु थुप्रै चुनौतीहरू रहेका छन् । गाउँपालिकाका सबै वडाहरूमा सडकको ट्र्याक जोडिएतापनि सर्वयाम यातायात सेवा उपलब्ध गराउन सकिएको छैन । सबै वडाहरूमा शिक्षा, स्वास्थ्य,खानेपानी, सिंचाई तथा विजुलीको सहज व्यवस्थापन मिलाउन सकिएको छैन । विविध प्रकारका विभेदहरू कायमै छन् । मानव विकास सुचकाङ्क सन्तोषजनक देखिदैन । प्रतिव्यक्ति आय कमजोर अवस्थामा छ । कृषि, वन, वातावरण तथा अन्य पूर्वधार र सशक्तीकरणका कार्यक्रमहरूमा वर्षेनी लाखौं लगानी भएतापनि खाद्य असुरक्षा, गरिबी, असमानता, जातिय भेदभाव, छुवाछुवत, महिला हिंसाका घट्नाहरूबाट पार पाउन सकिएको छैन । शान्ति सुरक्षाको अवस्था कमजोर रहेको छ । दुर्गमता, निरक्षरता र अदक्षताले गाँजीरहेको छ । सबै वडाहरू कमजोर अवस्थामा रहेका छन् । १५ वर्षसम्म जनताले आफ्ना प्रतिनिधी नपाउनु , गाउँपालिकाको आन्तरिक स्रोत अत्यन्तै न्युन हुनु, विकासको प्रतिफल लक्षित समुदाय सम्म पुर्‍याउन नसक्नु , आशातित पुन/नव निर्माण नहुनु थप चुनौतीहरूका रूपमा रहेका छन् । गाउँपालिका र वडाहरूले शून्य अवस्थाबाट काम सुरू गर्नु पर्दा धेरै कठिनाइहरू व्यहोर्नु परिरहेको छ । उल्लेखित चुनौतीहरूको बावजुद सबै सरोकरवाला निकायहरूको समन्वय र सहकार्यमा दिगो विकास गरी यसका प्रतिफल लक्षित समुदाय सम्म पुर्‍याउन हामीले सामुहिक प्रयास गर्नु निरन्तर आवश्यक रहेको कुरा स्मरण गराउन चाहन्छु ।

उपस्थित सम्पुर्ण महानुभावहरु

अव म मालिकार्जुन गाउँपालिकाको आ.व.२०७४/७५ को सम्रग वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छ ।

**वार्षिक निति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख आधारहरु:**
यस गाउँपालिकाको वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्दा प्रत्येक वडा टोल तथा बस्तीबाट प्राप्त विषयगत क्षेत्र अनुसार समावेशी र सहभागितामुलक योजना छनौट प्रक्रिया अवलम्बन गरि वार्षिक नीति बजेट तथा कार्यक्रम तर्जुमा गरि गाउँ सभाले योजना तथा कार्यक्रम स्वीकृत गर्ने प्रक्रिया अबलम्वन गरिएको छ । जसलाई तपशिल बमोजिमको विषय क्षेत्रमा विभाजन गरिएको छ ।

१. आर्थिक विकास क्षेत्रः- कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी तथा वित्तिय
२. पूर्वाधार विकास क्षेत्रः- सडक, सिंचाई, भवन तथा सहरी विकास, उर्जा, घरेलु तथा लघुउद्यम र संचार ।
३. सामाजिक विकास क्षेत्रः- शिक्षा, स्वास्थ्य, खानेपानि तथा सरसफाई, संस्कृति प्रर्वद्धन, लैंगिक समानता तथा समावेशीकरण ।
४. वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रः- वन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण , जलवायु परिर्वतन फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद व्यवस्थापन ।
५. संस्थागत विकास तथा सेवा प्रवाहः- मानव संशाधन विकास, संस्थागत क्षमता विकास, संस्थागत पूर्वाधार ।
६. वित्तिय व्यवस्थापन र सु-शासनः- नेपाल सरकारबाट प्राप्त अनुदान यस गाउँपालिकाको आन्तरिक आय तथा अन्य गैरसरकारी र दातृ निकायहरुबाट प्राप्त अनुदान र साझेदारी कोषको रकमबाट आवश्यक वित्तिय व्यवस्था गरिनुको साथै वित्तिय सुशासनको लागि पारदर्शिता र जवाफदेहिताको नीति अवलम्वन गरिएको छ ।

**आदरणीय उपस्थित महानुभावहरू,**
नव गठित मालिकार्जुन गाउँपालिकालाई प्राप्त भएका सबै सम्भावना र अवसरहरूलाई सम्पत्तीको रूपमा ग्रहण गर्दै वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख आधारहरुको जगमा टेकेर सवल समृद्ध सुन्दर मालिकार्जुन गाउँपालिका निर्माण गर्ने प्रतिबद्धताका साथ अब म मालिकार्जुन गाउँपालिकालको आगामी वर्षको वार्षिक योजना तथा बजेटका मुख्य मूख्य क्षेत्रका निति तथा कार्यक्रमहरू प्रस्तुत गर्दछु ।

**१) कृषि तथा पशुपालन सम्बन्धी नीति :**

- कृषि समुह तथा कृषि सहकारी मार्फत कृषिजन्य वस्तुहरूको उत्पादन र उत्पादकत्व बृद्धि गरी लक्षित वर्गको आय आर्जन अभिबृद्धिमा जोड दिइने छ ।
- स्थानीय सम्भाव्यता, तुलानात्मक लाभ तथा विशेष अवसरहरूको उपयोग गरी कृषक

तथा कृषि प्राविधिकहरूको सीप, विकासहरु र उपयुक्त कृषि प्रविधि मार्फत कृषिको व्यवसायीकरण र विविधीकरण,नमुना कार्यक्रम कार्यन्वयन गरी कृषि रोजगारीको सृजना गरिनेछ।

- कृषि विकाससंग सम्बन्धित विभिन्न सरकारी अर्ध-सरकारी तथा गैरसरकारी संघ-संस्था, विकासका अन्य साझेदारीहरू तथा निजी क्षेत्रसंग समन्वय र सहकार्य गरी सार्वजनिक नीजी साझेदारी अवधारणा अनुरूप एकीकृत कृषि कार्यक्रमहरू संचालन गरिनेछ ।
- सडक र बजारको पहुँच भएका क्षेत्रहरूमा बढी मुल्य भएका कृषिजन्य बस्तुहरूको उत्पादनमा जोड दिँदै सहज यातायात पहुँच नभएका क्षेत्रका लागि कम तौल तथा बढी मुल्य हुने कृषिजन्य बस्तुहरूको उत्पादनमा जोड दिइनेछ ।
- सम्भाव्यताका आधारमा बाली विशेषका पकेट क्षेत्रहरूनिर्धारण गरी सोही अनुसार खाद्यान्न, तरकारी, दुध, फलफूल, नगदेवाली,च्याउ,माछापालन,गाईपालन,भैसिपालन,वाखापालन,कुखुरापालन र मौरीपालन जस्ता कृषि कार्यक्रमहरूलाई व्यवसायीकरण गर्न कृषि समूह, कृषि सहकारी र व्यक्तिगत फर्महरूलाई प्रोत्साहन तथा सामाग्रीमा अनुदान दिइनेछ ।
- गाउँपालिका, विषयगत कार्यालयहरू,परियोजना लगायत कृषि क्षेत्रमा काम गर्ने संघ-संस्था एवं अन्य निकायहरूको समन्वय र सहकार्यमा केही क्षेत्र पहिचान गरी अर्गानिक खेतीगर्न प्रोत्साहन गरिनेछ । मालिकार्जुन गाउँपालिकालाई आर्गानिक खेती उन्मुख पालिकाको रूपमा विकास गरिनेछ ।
- तुलनात्मक एवं प्रतिस्पर्धात्मक लाभको आधारमा कृषि वस्तुहरूको उत्पादन गरी उत्पादन क्षेत्रको विशिष्टीकरण गर्न एक क्षेत्र एक उत्पादनको अवधारण कार्यान्वयमा सहयोग पुर्‍याउइनेछ ।
- पशु स्वास्थ्य सेवामा विस्तार, नस्ल सुधार, पशुआहारमा सुधार र पशु स्वास्थ्य सेवाको लागि प्राविधिक जनशक्तिको परिचालन मार्फत मालिकार्जुन गाउँपालिकालाई पशुपालन क्षेत्रको रूपमा विकास गरी मासु तथा दुधको लागि आत्मनिर्भता तर्फ उन्मुख एवं प्रोत्साहन गरिनेछ ।
- कृषि फसल तथा पशुपक्षि विमा कार्यक्रम लाई प्रभावकारीरुपमा संचालन गर्न विमाअभिकर्ता तालिम संचालन गरिने छ र प्रत्येक वडामा एक जना विमाअभिकर्ताको व्यवस्था गरिने छ ।
- कृषि तथा पशुपालनका क्षेत्रमा देखिने अकस्मिक महामारी व्यवस्थापनको लागि

आवश्यक पहल गरिने छ । ,

- कृषि तथा पशुपालन व्यवसाय लाई प्रभावकारी वनाउन कृषि गाउँघर क्लिनिक तथा पशु स्वास्थ्य शिविरहरु नियमित रुपमा संचालन गरिने छन ।
- मालिकार्जुन गाँउपालिकामा उत्पादन हुने महलाई मालिकार्जुनको पहिचान हुने गरि लेबलिङ -प्याकेजिङ गरि निकासी गर्ने नीती लिइने छ ।

## २) वन, वातावरण तथा भूसंरक्षण सम्बन्धी नीति

- पुर्ननविकरणीय वन स्रोतको संरक्षण, व्यवस्थापन तथा सदुपयोगबाट स्थानीय समुदायको सहभागीता अभिबृद्धि गर्दै वन पैदावरबाट प्राप्त राजस्वले गाउँपालिकाको आर्थिक विकासमा योगदान पुऱ्याइनेछ ।
- वनलाई आर्थिक तथा वातावरण मैत्री बनाउन बैज्ञानिक वन व्यवस्थापन योजना निर्माण गर्न तथा वनजन्य उद्योगहरू स्थापनालाई नीतिगत रूपमा खुकुलो बनाउन सम्बन्धित निकायमा पहल गरिनेछ ।
- वडास्तरमा कम्तिमा एउटा वहु उद्येश्यि कृषि नर्सरी स्थापना गरी वनविकास तथा सडक, नदी,मन्दिर र सार्वजनिक जग्गाहरूमा सरोकारवाला निकायहरूको साझेदारीमा वृक्षारोपन गरिनेछ र निजी वन लगाउन प्रोत्साहन गरिनेछ ।
- संकटापूर्ण अवस्थामा पुगेका जडीबुटी तथा वन,वनस्पतीहरूको संरक्षण, जैविक विविधताका हिसावले महत्वपूर्ण क्षेत्र ( Biodiversity hot Spot) को पहिचान तथा संरक्षण, जैविक विविधता अभिलेखीकरण सम्बन्धी कार्यक्रमहरू तर्जुमा गरिनेछ ।
- जलवायु परिवर्तनको नकारात्मक असरलाई न्यूनीकरण गर्न वार्षिक योजना तर्जुमा गर्दा विकास योजनालाई वातावरण मैत्री बनाउँदै लैजान सरोकारवालहरूको ध्यानाकर्षण गराइने छ । रेड प्लस कार्वन सञ्चितबाट यो गाउँपालिकाले अनुदान प्राप्त गर्ने सम्भावना भएकाले वन क्षेत्रको व्यवस्थापन तथा विस्तार गरी आगामी ५ वर्ष भित्र गाउँपालिकालाई घरभित्रको धुवाँ रहितक्षेत्रको रूपमा विकास गर्ने अभियानलाई विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरूको सहयोगमा तिव्रता दिईनेछ ।
- कवुलियती वन तथा पशुविकास कार्यक्रम अन्तर्गत जग्गा विहिन, अति गरिव, महिला घरमूली भएका दलित तथा जनजातीलाई प्राथमिकता दिई समुह गठन गर्ने, वन हस्तान्तरण गर्ने र आयमुलक कार्यक्रमहरू सञ्चालन गरीनेछ ।
- भू -क्षय तथा प्राकृतिक प्रकोपको दृष्ट्रिकोणबाट संवेदनशील मानिएका क्षेत्रमा प्रकोपको

जोखिमलाई व्यवस्थापन योजना तर्जुमा गरी कार्यन्वयनमा जोड दिइनेछ ।

- गाउँपालिका भित्रका मन्दिरहरुको क्षेत्र लाई धार्मिक संरक्षित वनकोरुपमा विकास गर्ने निति लिईने छ ।

**३) शिक्षा तथा खेलकुद सम्बन्धी नीति :**

- मालिकार्जुन गाउँपालिकाको समग्र शैक्षिक गुणस्तर अभिवृद्धिकोका लागि गाउँपालिका स्तरीय शिक्षा सम्बन्धि कार्यदल गठन गरिने छ । सो कार्यदलबाट प्राप्त प्रतिवेदनको आधारमा शिक्षा क्षेत्रको व्यवस्थापन गरिने छ । ।
- विद्यालय तहको अन्तिम परिक्षामा उत्कृष्ट अंक ल्याउने विद्यार्थी, सबै भन्दा राम्रो विद्यालय, सबै भन्दा उच्च दरमा विद्यार्थीहरू उतीर्ण गराउन सफल विषयगत शिक्षकहरूलाई पुरस्कारको व्यवस्था गरिनेछ, सामुदायिक अध्ययन केन्द्रहरु सामुदायिक पुस्तकालयको रुपमा विकास गरिने छ तथा बालविकास केन्द्रहरूलाई सक्षम, प्रभावकारी र कार्यमूलक बनाइनेछ ।साक्षर नेपाली अभियानलाई पुरा गर्नका लागि पुर्ण साक्षर गाँउपालिकाका रूपमा स्थापित गर्न प्रयास गरिनेछ ।
- आधुनिक शिक्षाको अभिवृद्धी गर्दै सरोकारवाला निकायहरूसंगको समन्वय र सहकार्यमा विद्यालय स्तरमा सूचना प्रविधिका पहुँच अभिवृद्धि गरी शैक्षिक गुणस्तरमा सुधार गरिनेछ ।
- बालमैत्री शिक्षण आदर्श विद्यालयकारूपमाप्राविधिक शिक्षाका कार्यक्रमहरूसंचालन गर्न प्रोत्साहन गरिने छ ।
- गाउँपालिकाको विभिन्न स्थानहरूमा निर्माण गरिएका (५०× १००) मी भन्दा माथीका खेल मैदाहरूलाई स्तरोन्नती गर्दै राष्ट्रिय मापदण्ड अनुसारको खेल मैदान निर्माण गरिनेछ ।
- प्रत्येक विद्यालयमा सानो पुस्तकालय स्थापनामा सहयोग गरिने छ ।
- प्राविधिक तथा व्यवसायिक शिक्षा विकासका लागि विशेष जोड दिइने छ ।

**४) स्वास्थ्य, खानेपानी तथा सरसफाई सम्बन्धी नीति :**

- स्वास्थ्य चौकीको प्रसुती सेवा क्षमता अभिवृद्धि गरी स्वास्थ्य संस्थाहरूको सामाजिक परिक्षण गराई गुणस्तरीय र सर्वसुलभ स्वास्थ सेवाको विस्तार गरिनेछ ।
- मालिकार्जुन गाउँपालिकामा …… शैया अस्पताल स्थापना गर्न आवश्यक पहल गरिने छ ।

- आयुर्वेद औषधालय, प्राकृतिक चिकित्सा लगायत अन्य वैकल्पिक स्वास्थ्य पद्धति, जडिबुटी तथा वन औषधीको सम्भावना रहेको मालिकार्जुन गाउँपालिकामा जडिबुटी उत्पादन तथा प्रशोधन केन्द्र स्थापना गर्न पहल गरिनेछ ।
- व्यक्तिको स्वच्छ खानेपानीको अधिकारलाई सुनिश्चित गर्न सबै खानेपानीका मुहानहरूलाई स्वतः गाउँपालिकाको स्वामित्वमा ल्याई पानीको मुहान र धाराको संरक्षण गरी एकघर एक खानेपानीको धारा निर्माण गर्ने नीति लिइने छ ।
- पानी उपयोगको वैज्ञानिक मान्यताका आधारमा पानी उपयोगलाई प्राथामिकिकरण गरी पहिलो खानेपानी, दोस्रो सिंचाई तेस्रो मनोरञ्जन र चौथौ औद्योगीकरणका लागि प्रयोग गरिनेछ ।
- स्वच्छ खानेपानीको दिगो व्यवस्थापनका लागि आयोजना निर्माणको क्रममा नै निश्चित रकम मर्मत सम्भार कोषमा राखी प्रत्येक उपभोक्ताले न्युनतम रकम मासिक रूपमा जम्मा गर्नु पर्ने नीति लिदैं खानेपानी आयोजनाहरू उपभोक्ता समितिलाई हस्तान्तरण गरिनेछ ।
- विगतमा निर्माण भई सञ्चालनमा रहेका खानेपानी आयोजनाहरू उपभोक्ताहरूको सहभागितामा दिगोरूपमा सञ्चालन गर्नुपर्ने नीति लिइनेछ ।
- एक घर एक शौचलयको अवधारणालाई कडाइका साथ पालना गराउँदै आफ्नो घर अगाडि आफैले सरसफाइ गर्नुपर्ने अवधारणाको विकास गरिनेछ ।
- मालिकार्जुन गाउँपालिकालाई स्वच्छ गाउँपालिकाको रूपमा स्थापित गर्न जसले फोहोर गरेको हो, उसैले सफाई गर्नुपर्ने नीति अनुसार सार्वजनिक स्थानमा फोहोर गरेमा दण्ड जरीवाना गर्ने र प्लाष्टिक विहिन गाउँपालिका निर्माण गर्ने दिशामा अघि बढाइने छ
- वजार केन्द्रको रुपमा विकास भईरहेका स्थाहरु शंकररपुर, मालिकार्जुन,मेलिखेत,पन्यावाज, चैतालिचौरा, उकु, जौलजीजी, डाडाकोट, हुनैनाथका वजार केन्द्र,वडा केन्द्रहरुमा उत्पादन हुने फोहर व्यवस्थापनको जिम्मा फोहर व्यवस्थापन समिती गठन गरि दिईने छ र उक्त केन्द्रहरु स्वच्छ सफा र हरियालियुक्त वनाउने सवै उपभोक्ताहरुको हुने छ ।
- वजारको रुपमा विकास भईरहेका स्थानमा सवै उपभोक्ताहरु लाई कुहिने फोहोरलाई प्रयोग गरी कौसी खेतीगर्ने अभियानलाई प्रोत्साहन गरिने छ । हरियाली वगैंचा निर्माण गर्नेलाइ पुरस्कृत गर्ने नीति लिइने छ ।

- मालिकार्जुन गाउँपालिकालाई पुर्ण सरसफाई क्षेत्र घोषणा गरिनेछ ।स्वच्छता र सरसफाइलाई व्यक्ति र समुदायको पहिचानको बिषय बनाइनेछ ।
- पानीका मुहान संरक्षणका साथै पानीका स्रोतको सञ्चिती बढाउन पहल गरिने छ ।

**५)महिला तथा बालबालिका सम्बन्धी नीति :**

- विकास आयोजनाहरूको निर्णय प्रकृया र कार्यन्वयनमा महिला सुनिश्चितता कायम गर्दै लैगिंक सशक्तिकरण तथा
  सामाजिक समावेसीकरण नीति अनुरूप महिलाको आर्थिक तथा सामाजिक शसक्तिकरणका लागि कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- लैगिंक हिंसा र मानव वेचविखन जस्ता सामाजिक अपराध जन्य कार्यलाई नियन्त्रण र निरूत्साहित गर्ने नीति लिइनेछ ।
- बालमैत्री पूर्वधारहरूको विकास गर्दै नेपाल सरकारले ल्याएको बाल मैत्री स्थानीय शासनको अवधारणा अनुरूप स्थानीय तह तथा सरोकारवालाहरूको समन्ययमा बालश्रम मुक्त मालिकार्जुन गाउँपालिका बनाउने नीति लिइनेछ
- बालबालिकाहरूको पोषण, हेरचाह बालश्रम न्युनीकरण तथा असाहय बालबालिकाको संरक्षण गर्ने नीति लिइनेछ ।

**६) आदीबासी जनजाती,दलित,अपाङ्गता, जेष्ठ नागरिक सम्बन्धी नीति :**

- जातीय आधारमा हुने छुवाछुत, भेदभाव र विभेदहरूलाई न्युनीकरण गर्दै विभेद मुक्त मालिकार्जुन गाउँपालिका निर्माण गर्ने नीति लिइने छ ।
- दलित र अपाङ्गगता भएका समुदायको समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गर्दै लक्षीत वर्गको सामाजिक तथा आर्थिक उन्नतीको लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरूका लागि सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गर्नुका साथै वास्तविक तथ्यांङ्क संकलन गरी विभिन्न सरकारी तथा गैर सरकारी निकाय तथा संस्थाहरूको सहयोगमा समुदायमा आधारित पुनस्थापना गृह निर्माण कार्य अगाडि बढाइनेछ ।
- मालिकार्जुन गाउँपालिमा जेष्ठ नागरिकहरूका लागि मनोरन्जन स्थल प्रवर्धन गर्ने नीति लिइनेछ ।

**७) सामाजिक विकास सम्बन्धी नीति :**

- सामाजिक रूपान्तरण मार्फत गरिबी न्युनीकरणलाई सहयोग पुऱ्याउन आर्थिक तथा समाजिक रूपमा पछाडि पारिएका वर्ग तथा समुदायको आवाज अभिबृद्धि गर्न र सेवा प्रवाहमा उनीहरूका पहुँच अभिबृद्धि गर्नका लाीग संचालित सामाजिक परिचालन कार्यक्रमहरूलाई अझ शसक्त र प्रभावकारी बनाउन आश्यकता अनुसार  वडा,वस्ती स्तरमा नागरिक मञ्चहरू गठन गर्दै लगिने नीति लिइनेछ ।
- मालिकार्जुन गाउँपालिकामा राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर-सरकारी संस्थाहरूको लगानीलाई प्रोत्साहित गरिनेछ र गाउँपालिका सँगको सहकार्यमा कार्यक्रमहरु संचालन गर्न प्रोत्साहन गरिनेछ ।गैरसरकारी संस्थाहरूको कार्यमा हुन सक्ने दोहोरोपन हटाउन, समन्वय र सहकार्य अभिबृद्धि गर्न गाउँपालिकाले विशेष संयन्त्र बनाउने निति लिइनेछ।
- गैर सरकारी संस्थाहरूबाट सञ्चालित क्रियाकलापहरूको चौमासिक समिक्षा गर्ने, नियमित अनुगमन गरी गैर सरकारी संस्थाहरु समेतको साझेदारीमा चौमासिक बुलेटिन प्रकाशन गरिनेछ ।

**८) विद्युत/उर्जासंचार सम्बन्धी नीति :**

- ग्रामीण विद्युतीकरणको विकास र विस्तारमा विशेष जोड दिँदै गाउँपालिका भित्रका सवै वस्तिका घरधुरीहरुमा विजुलिवत्ति पुर्‍याउन  विद्युत  विस्तार , नविकरणीय तथा बैकल्पिक उर्जाको प्रयोग र प्रवर्द्धनलाई जोड दिइनेछ ।
- सुधारिएको चुल्हो कार्यक्रम लाई प्रथामिकता दिई सवै घरधुरीमा निर्माण गर्ने कार्य लाई प्रोत्साहित गरिनेछ ।
- विकास भई रहेका वजार केन्द्रहरु र मन्दिरहरुमा सौर्य उर्जाको प्रयोग तथा प्रवर्धन लाई जोड दिईने छ ।
- यस गाउँपालिका क्षेत्रमा लेण्डलाइन टेलिफोन सेवा  तथा ईन्टरननेट सेवा विस्तारका लागि आवश्यक पहल गरिनने छ ।
- यस क्षेत्रको मोबाईल फोनसेवाको गुणस्तर सुधारका लागि मोबाईल टावर थप गर्न आवश्यक व्यवस्था मिलाइने छ ।
- एफ एम सामुदायिक रेडियो विकासको निती लिइने छ ।

**९) पर्यटन विकास सम्बन्धी नीति :**

- मालिकार्जुन गाउँपालिका लाई धार्मिक पर्यटकीय क्षेत्र घोषणा गर्दै राष्ट्रिय स्तरको

पर्यटकीय क्षेत्र घोषणा गराउन पहल गर्ने नीति लिइनेछ ।

- सवै मन्दिरहरुको गुरुयोजना वनाई विभिन्न कार्यकमहरु संचालन गर्ने निति लिईने छ
- मालिकार्जुन स्वामीको काखमा अवस्थित आराध्यदेव भगवान शिवको तपोभुमि शंकरपुरमा महामृत्युन्जय महादेवको नेपालकै अग्लो मध्येको एक मुर्ती स्थापना सहित एकिकृत मालिकार्जुन विकासका लागि दाताहरूको खोजी गर्ने निति लिइने छ ।
- मालिकार्जुन गाउँपालिका भित्र पर्ने ऐतिहासिक,पुरातात्विक सांस्कृतिक,धार्मिक, सम्पदाहरूको अध्ययन अनुसान्धान गरी संरक्षण तथा प्रवर्द्धन गर्ने नीति लिइने छ ।
- पर्यटकीय स्थल मार्ग र वरीपरीको क्षेत्रमा होम स्टे/ पाहुना घर निर्माण गर्ने र पर्यटक मैत्री गाउँपालिका बनाउन पहल गरिने छ।
- पर्यटकीय क्षेत्रहरूमा होटल, लज, रिर्सोट खोल्न नीजी- सार्वजनिक साझेदारीमा पर्यटकीय स्थलहरूको प्राकृतिक सौदर्न्यतामा खलल पुऱ्याउन नदिने र स्वच्छता तथा सरसफाईमा विशेष ध्यान दिन आवश्यक पहल गर्ने नीति लिइने छ।
- भगवती शंकरपुर र मालिकार्जुन को सिमानमा पर्ने वरपाली क्षेत्रलाई त्रिवेणी धामकोरुपमा विकास गरि धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने निति लिइनेछ
- पुरातात्विक महत्व वोकेको उकु मन्दिरको भग्नावशेषको अध्ययन अनुसन्धान गरि पुर्ननिर्माणको लागि पहल गरि व्यवस्थितरुपमा संरक्षण गरिने निति लिईनेछ ।
- मालिकार्जुन गाउँपालिकामा सबै सस्कृति,परम्परा,भेष भुषा र पहिचान झल्कने गरी संग्राहलय स्थापना गर्ने प्रकृया अघि बढाइनेछ ।
- हाम्रो पहिचान सास्कृतिक विराशतहरु झोडो,फाग,सगुन,ढुस्को,अठवालि,ठाडो खेल, चैतालो,भाडा,विभिन्न शुभ कार्यमा गाईने सगुन,कथा,किवदन्ति,विभिन्न मन्दिरहरुको जनश्रुति आदि संस्कृति को अध्ययन,अनुसन्धान, सम्वर्धन संरक्षण र प्रवर्धन गर्ने निति लिईने छ ।
- मालिकार्जुन शिखर धाम र न्वालपानी केबुलकार ।

**१०) सुशासन सम्बन्धी नीति :**

- सुशासनका आधारभूत पक्षहरू उत्तरदायित्व, जवाफदेयिहता, पारदर्शीत, जनसहभागीता र सामाजिक भावनालाई प्रवर्द्धन गर्दै सेवाग्राहीहरूलाई सुशानसनको अनुभूती दिलाउन गाउँपालिका तथा वडाहरूबाट प्रदान गरिने सेवा प्रवाह तथा सञ्चालित आयोजनाहरू तथा कार्यक्रमहरूको सार्वजनिक सुनुवाई, आयोजना स्थलमै भुक्तानी(सार्वजनिक लेखापरिक्षण ) परिक्षण सामाजिक

परिक्षणलाई निरन्तरता दिदै कामका आधारमा रकम भुक्तानी गरिने निति लिइनेछ ।

- राज्यको चौथो अंग पत्रकारिता मार्फत जवाफदेहिता,अनुगमन, सार्वजनिकरण तथा पारदर्शिता कायम गर्ने नीति लिइनेछ।
- गाउँपालिकाको गुरु योजना र पाँच वर्षे आवधिक योजना वनाई गाउँपालिको दिर्घकालिन दिगो विकासमा जोड दिईने छ ।
- गाउँपालिकाको विस्तृत पाश्वचित्र वनाउने र गाउँपालिकाको आफ्नै वेव साईटका माध्यम वाट गाउँपालिकाको विस्तृत विवरण तथा सुचनाहरु सार्वजनिक गर्ने प्रक्रिया थालनि गरिने छ ।

**११) भौतिक पूर्वधार सम्बन्धी नीति :**

- मालिकार्जुन गाउँपालिका भित्रका सवै सडकलाई आगामी ५ वर्ष भित्र कालोपत्रे बनाउने, सबै वडा केन्द्र जोड्न सडकलाई सर्वयाम बनाउने र अन्य पर्यटकीय तथा लिङ्क रोडलाई निर्माण गर्न प्रथामिकता निर्धारण गर्ने निति लिइनेछ ।
- सबै प्रकारका सडकहरूको नक्शाङ्कन गरी राष्ट्रिय मापदण्ड अनुसार सडकहरूको क्षेत्र निर्धारण गरि निर्माण गरिनेछ ।
- मालिकार्जुन गाउँपालिका भित्र निर्माण गरिने सबै प्रकारका भौतिक संरचना निर्माण गर्दा नक्सा पास गर्नु पर्ने, प्रत्येक संरचना तथा निजी घर सम्म कम्तिमा १२ फिटको बाटो हुनुपर्ने, नामसारी भएर आएका बाहेक कम्तीमा १५० वर्ग मिटर भन्दा कम क्षेत्रफलका जमिनकित्ताकाट नहुने निति लिइने छ ।
- गाउँपालिका भित्र वन्ने सबै सडक मार्गहरू कम्तिमा ६ मिटर चौडाइको हुनु पर्ने निति लिइने छ ।
- मालिकार्जुन गाउँपालिका केन्द्र मालिकार्जुन गाउँपालिका वडा नं. ८ शंकरपुर रहनेछ साथै उक्त केन्द्र वरिपरि निर्माण हुन सानो शहरको डिजाइन गरी सुन्दरशहर निर्माण गर्ने नीति लिइनेछ । गाउँपालिका र ८ ओटै वडाहरुको आफ्नै कार्यालय भवन बनाउन पहल गरिनेछ ।

१२) संविधान अनुसार स्थानीय तहले उठाउन पाउने कर, शुल्क दस्तुर काडाइका साथ उठाउँदै मालिकार्जुन गाउँपालिकाको आन्तरिक आम्दानी बढाउदै लैजाने निति लागु गरिनेछ ।

१३)सरकारी, सहकारी र नीजी लगानी बाट समृद्ध मालिकार्जुन गाउँपालिका निर्माण गर्ने नितिलाई कार्यन्वयन गर्दै लगानी मैत्री मालिकार्जुन गाउँपालिका बनाउन पहल गरिनेछ ।

१४) "आफ्नो गाउँ सुन्दर र समृद्ध बनाउ" भन्ने नीतिका आधारमा सबै वडाहरूमा विकास निर्माण कार्यलाई अगाडि बढाउने नीति लिइने छ ।

१५) गाउँपालिका भित्र निर्माण विभिन्न योजनाहरू र कार्यक्रमहरु पहिलो चौमासिक भित्र सम्झौता गरी निर्माण प्रकृया थालनी नगरेमा १% हर्जना ,दोस्रो चौमासिक निर्माण प्रक्रिया थालेको जानकारी नगराएमा सम्झौता खारेजी गरिने निति लिईने छ र तेस्रो चौमासिक वा जेष्ठ मासान्ता भित्र भुक्तानी लिई सक्नु पर्ने छ । समयमा नै काम सक्ने, गुणस्तरिय राम्रो काम गर्ने महत्वपूर्ण योजनाहरूमा स्वत: रकम थप्ने/रकमान्तर गर्ने नीति अनिवार्य रूपमा कार्यन्वयन गरिनेछ ।

१६) नेपाल सरकारको माप दण्ड,विद्यालयमा विद्यार्थिहरुको भर्ना संख्या हेरी यो वर्ष मालिकार्जुन गाउँपालिकाका विद्यालयहरू गाभ्ने र  दरबन्दी मिलान गर्ने नीति लिइनेछ ।

१७)मालिकार्जुन गाउँपीलकिामा उत्पादन हुने महलाई मालिकार्जुनको पहिचान हुने गरी लेवलिङ-प्याकेजिङ गरी निकासी गर्ने नीति लिइनेछ।

१८) मालिकार्जुन गाउँपालिका सिमा भित्रबाट निकासी हुने ढुङ्गा गिट्टी, बालुवा, तरकारी, काठ, व्यक्तिगत फर्म तथा सबै प्रकारका संघ-
संस्था, होटल, उद्योग, व्यवसाय, घर,पसल, घरभाडा सिफारिस आदीलाई शुल्क/करको दायरा भित्र ल्याउने नीति लिइनेछ ।

१९) राष्ट्रसेवक कर्मचारीहरुलाई कार्यसम्पन्नको लागि आधारमा राम्रो काम गर्नेलाई पुरस्कृत गर्ने तथा जिम्मेवारी पुरा नगरी आलटाल गर्नेलाई सचेत गर्ने, स्पष्टीकरण सोध्ने र सुधार नभएमा दण्डित गर्ने निति लिइनेछ ।

२०) सेवा प्रवाह गर्न सजिलो, समुदायको अनुकूलता लाई हेरी वडा सदरमुकामहरु लाइ विभिन्न संघ-संस्था संग मिलेर/साझेदारीमा एकिकृत नमुना बस्ती निर्माण गर्ने निति लिइनेछ ।

२१) प्राकृतिक प्रकोप न्युनीकरण गर्न र प्राकृतिक प्रकोपबाट पिडितहरूलाई व्यवस्थापन गर्नका लागि मालिकार्जुन गाउँपालिकामा प्रकोप व्यवस्थापन कोषको स्थापना गरिने छ । गाउँपालिका कार्यक्षेत्र भएका सबै गैर सरकारी संस्थाहरूको तर्फबाट कार्यक्रम संचालनको आधारमा कम्तीमा केहि प्रतिशत सहभागीता सुनिश्चितका लागि पहल गरिनेछ र गाउँपालिकाले कम्तिमा ५ लाख जम्मा  गर्नेछ । उक्त कोषमा रहेको  रकम प्रकोप व्यवस्थापन विशेष कोष विनियमावली तयार गरी सोही अनुसार खर्च गरिने छ ।

२२) युवाहरु लाई लक्षित गरि विभिन्न रोजगारका अवसरहरु श्रृजना गर्ने खालका सिपमुलक तालिमहरु,विभिन्न कृषि तथा गैर कृषिमा आधारित लघु उद्यमहरु संचालनको लागि अनुदान तथा तालिम संचालनको  व्यवस्था गर्ने निति लिईने छ ।

**अनुमानित व्यय र स्रोत व्यवस्थापन**

माथि उल्लेखित नीति तथा कार्यक्रमहरुको कार्यान्वयनको लागी विषयगत क्षेत्र अनुसार गाउँ कार्यपालिका व्यापक छलफल भै यस गरिमामय गाउँ सभाबाट स्विकृतिका लागि अब म आ.व.२०७४/७५ को अनुमानित आय व्यय प्रस्तुत गर्ने अनुमति चाहन्छु । चालु आर्थिक वर्ष २०७४।०७५ का लागि रु २२ करोड ३८ लाख ३३ हजार विनियोजन गरेको छु । यस बजेट अन्तर्गत वित्तिय समानीकरण तर्फ रु १४ करोड १७ लाख ८६ हजार रहेकोछ भने सशर्त अनुदान वा विषयगत निकायको रु.८ करोड २० लाख ४७ हजार रहेकोछ । यस गाँउपालिकामा प्राप्त कुल अनुदान रु. १४ करोड १७ लाख ८६ हजार मध्ये चालु तर्फ रु. ३ करोड ५४ लाख ४६ हजार ५ सय अर्थात २५ प्रतिशत र पूँजीगत तर्फ रु.१० करोड ६३ लाख ३९ हजार ५ सय अर्थात ७५ प्रतिशत विनियोजन गरेको छु । साथै चालु आ.व. कुल राजश्व आम्दानीमा आन्तरिक आयबाट रु. ८ लाख १० हजार २० संकलन गर्ने अनुमान गरेको छु ।

अध्यक्ष महोदय,

पूँजिगत तर्फ विनियोजित रकम मध्ये केहि विशेष कोषहरु स्थापना गरेको छु । जस अन्तर्गत विपद् व्यवस्थापन कोषमा रु १५ लाख , कर्मचारी कल्याण कोषमा रु.५० हजार, मर्मत संभार कोषमा १० लाख , महिला तथा बालबालिका कल्याणकारी कोषमा रु ५ लाख , जेष्ठ नागरिक तथा अपाङ्ग कल्याणकारी कोषमा रु.५ लाख ,युवा स्वरोजगार कोषमा रु.१५ लाख विनियोजन गरेको छु ।

भैपरी आउने शिर्षकमा रु.१५ लाख विनियोजन गरेको छु । परामर्श सेवा अन्तर्गत रु.४२ लाख , गाँउपालिकाको गाँउ पाश्वचित्र बनाउन रु.१० लाख विनियोजन गरेको छु । गाँउपालिकाकै एक मात्र क्याम्पसको रुपमा रहेको शंकरपुर क्याम्पसको भौतिक पूर्वाधारको निर्माण गर्न रु.१५ लाख विनियोजन गरेको छु । त्यस्तै डाँडाँकोट प्राविधिक शिक्षालयको लागि रु.५ लाख विनियोजन गरेको छु । स्वास्थ्य सेवाको प्रभावकारीतामा अभिवृद्धि गर्दै गुणस्तरिय स्वास्थ्य सेवा प्रवाह गर्ने उद्धेश्यले स्वास्थय क्षेत्रमा रु.३३ लाख विनियोजन गरेको छु । गाँउ सुरक्षा कार्यक्रमका लागि रु.५० हजार

विनियोजन गरेको छु । पदाधिकारी तथा कर्मचारी अभिमुखिकरण तथा क्षमता विकास शिर्षकमा रु.१० लाख विनियोजन गरेको छु । सम्पुरक कोष तर्फ रु.८० लाख विनियोजन गरेको छु । स्काईभेटर खरिद गर्न रु.१ करोड २० लाख विनियोजन गरेको छु । कृषि विभाग मार्फत यस गाँउपालिकामा पेश भई आएका कृषि विकास कार्यक्रमहरुको निमित्त वित्तिय समानिकरणबाट एकमुष्ट रु.६४ लाख ३३ हजार विनियोजन गरेको छु । त्यस्तै पशु सेवा विभाग मार्फत यस गाँउपालिकामा पेश भई आएका पशु सेवा विकासको निमित्त एकमुष्ट रु.२० लाख विनियोजन गरेको छु ।

पूँजिगत तर्फको रकम मध्ये गाँउपालिका स्तरबाट संचालन गरिने योजनाहरुको निमित्त एकमुष्ट रु.७६ लाख १६ हजार ३ सय १५  विनियोजन गरेको छु । त्यसैगरि वडा तहबाट संचालन गरिने विकास योजनाहरुको लागि वडा नं.१ मा रु.५६ लाख , वडा नं.२ मा ६३ लाख , वडा नं.६५ लाख, वडा नं.४ मा ६० लाख , वडा नं.५ मा ५८ लाख , वडा नं.६ मा ६३ लाख ,वडा नं. ७ मा ६०लाख, वडा नं. ८ मा ६५ लाख विनियोजन गरेको छु ।

अध्यक्ष महोदय,

अन्तमा यस मालिकार्जुन गाँउपालिकाको समग्र विकास र सम्वृद्धिको लागि यस गाँउपालिकामा क्रियाशिल राजनैतिक दल, जन निर्वाचित जनप्रतिनिधिहरु, नागरिक समाज, निजि क्षेत्र , समस्त बौद्धिक वर्ग , पत्रकार तथा आम नागरिकको साझा सहमती र प्रतिबद्धताका साथ प्रभावकारी सहभागिता जनाउनका लागि हार्दिक अनुरोध गर्दै समुन्नत र सम्वृद्ध मालिकार्जुन गाँउपालिका बनाउने हाम्रो अभियानमा सबै पक्षबाट सृजनात्मक र रचनात्मक सहयोगको अपेक्षा गर्दै बिदा चाहन्छु ।

धन्यवाद